# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.ब. २०७८।०७९ मा बाख्रा पालन अनुदान रकम ब्यापक रुपमा हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सुदुरपश्चिम प्रदेश सरकारबाट आर्थिक वर्ष २०७८/०७९ को लागि विशेष अनुदान तर्फ शैल्यशिखर नगरपालिका र जिल्ला दार्चुला, शैल्यशिखर नगरपालिका वडा नं.९ स्थित नागार्जुन दानेश्वर आधुनिक बाख्रा पालन उपभोक्ता समिति बीच नागार्जुन दानेश्वर आधुनिक वाख्रा फार्म निर्माण वडा नं.९ योजनाको नगरपालिकाबाट रु.२५,००,०००।—र उपभोक्ता समितिको तर्फबाट रु.४,००,०००।— व्यहोर्ने गरी स्वीकृत लागत अनुमान अनुसार सम्झौता गरी स्थानीय लाभग्राहीहरुको आधुनिक बाख्रा खोर निर्माण गरी निश्चित मापदण्डका आधारमा स्थानीय लाभग्राहीहरुलाई उन्नत जातका बोका, बाख्रा तथा दाना/भिटामिन/डाले घाँसको बिउ खरिद गरी बितरण/हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा धेरैजसो एकासँगोल घर परिवार भित्रका सदस्यहरु सम्मिलित भई उपभोक्ता समिति गठन गरी गराई मिति २०७८/०९/२८ मा सम्झौता गर्दा सम्झौतापत्रमा उपभोक्ताले सम्पन्न गर्नुपर्ने कामको बिषयमा कुनैपनि ब्यहोरा उल्लेख नगरी नगराई केवल सम्झौताको लागि मात्र सम्झौता गरी एकिकृत कृषि उद्यमी भट्टराई परिवार, चाँगुनारायण भक्तपुरबाट बोयर जातको १५ वटा बोका र १५ वटा बाख्रा तथा दाना/भिटामिन/डाले घाँसको बिउ खरिद गरेको भनी पेस गरेको मितिसमेत उल्लेख नभएको बिल/बिजक स्वीकृत गरी, भक्तपुरदेखि दार्चुलासम्म उक्त बोका बाख्रा ढुवानी गरेको बिल भरपाई समेत संलग्न हुनुपर्नेमा ढुवानीको कुनै प्रमाण कागजातसमेत नलिई/संलग्न नगरी नगराई झुट्टा बिल बिजकका आधारमा भुक्तानी गरेको देखिएकोमा एकिकृत कृषि उद्यमी भट्टराई परिवार, चाँगुनारायण, भक्तपुरले बोयर जातको कुनै पनि बोका बाख्रा तथा दाना भिटामिन बिक्रीको लागि नराखिएको तथा उक्त उपभोक्ता समितिलाई बिक्रीसमेत नगरेको भनी खुलाई दिएको, खरिद गरी ल्याईएका भनिएका उक्त बोका बाख्रा स्थानीय लाभग्राहीहरुलाई निश्चित मापदण्ड बमोजिम वितरण गर्नुपर्नेमा बोका बाख्रा वितरण गरेको भरपाई कागजमा मितिसमेत उल्लेख नगरी बोका बाख्रा बुझिलिनेको स्पष्ट पहिचान खुल्ने ठेगाना समेत नखुलाई झुट्टा भरपाई कागजबाट २/२ वटाका दरले उपभोक्ता समितिका स्वयम् पदाधिकारीहरुले नै बोका बाख्रा बुझेको भरपाई संलग्न गरेको, प्राबिधिकको बिल तथा कार्य सम्पन्न प्रतिबेदन नभएको, बोका बाख्रा बितरण गरेको स्पष्ट रुपमा देखिने फोटो समेतका कुनैपनि कागज प्रमाण नभएको, योजना अनुगमन समितिको प्रतिबेदन भनी उल्लेख गरेको देखिएतापनि को कसले अनुगमन गरेको हो भन्ने नाम हस्ताक्षरसमेत केही उल्लेख नभएको, सार्वजनिक सुनुवाई तथा सामाजिक लेखापरीक्षण प्रतिबेदन पेस गरेको नदेखिएको साथै एउटै गाउँ ठाउँमा संचालन गर्ने उक्त बाख्रा पालन कार्यक्रमको लागि १५ वटा बोयर जातको बाख्राको लागि बिउ बिजनको रुपमा १/२ वटा मात्र बोकाहरु भए पुग्नेमा १५ वटा नै बोका खरिद गरी बितरण गरेको भनी बनाईएका कागज प्रमाणबाट भुक्तानी लिई दिई सरकारी रकम हिनामिना गर्ने बदनियत देखिएको, डोर हाजिरी फाराममा कुनै पनि कामको बिबरण नखुलाएको मितिसमेत उल्लेख नभई एउटै ब्यक्तिले गरेजस्तो देखिने किर्ते दस्तखत तथा ल्याप्चे गरी गराई बिभिन्न ब्यक्तिहरुलाई बुझाएको भनी पेस गरेको भरपाईका आधारमा भुक्तानी गरेको देखिएको, नागार्जुन दानेश्वर आधुनिक बाख्रा फार्म निर्माण योजनामा Abstract of cost, Rate Analysis, Detailed Measurement र Valuation Form का कागजातहरु तयार गरेकोमा

Detailed Measurement र Valuation Form तयार गर्दा फिल्डमा भएको यथार्थ काम भन्दा २४.९९ घन मिटर क्षेत्रफल बढी काम भएको भनी मूल्याङ्कन गरी बढी रकम भुक्तानी गरी आफुहरुलाई फाइदा र सार्वजनिक संस्था नेपाल सरकार एबं शैल्यशिखर नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएको, निर्माण गरिएको भनिएका बाख्रा खोरहरु परम्परागत बाख्रा गोठहरुको भुईं (FLOOR) मा सामान्य रुपमा PCC मात्र गरेको जस्तो देखिएतापनि अत्यन्तै नाजुक, जिर्ण अबस्थामा रहेको देखिएको। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा भएको कानूनी व्यवस्था अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने कुरा जानी बुझी त्यस्ता कागज प्रमाण र तिनको सत्यता परीक्षण गरी मात्र रकम भुक्तानी दिनुपर्नेमा सो नगरी प्रतिवादीहरुको एक आपसको मिलेमतोमा गैरकानूनी लाभ एवं स्वार्थ पूरा गर्ने उद्देश्यले रु.२३,७५,०००।- (तेइस लाख पचहत्तर हजार रुपैयाँ) भुक्तानी लिई दिई नेपाल सरकार एवं सार्वजनिक संस्था शैल्यशिखर नगरपालिकाको सम्पत्ति बदनियत गरी हिनामिना, हानि नोक्सानी एवं दुरूपयोग गरे गराएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **सुरेन्द्र बहादुर विष्ट** र तत्कालीन लेखापाल **घनश्याम जोशी** | जनही रु.२३,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम रु. तेइस लाख पचहत्तर हजार रुपैयाँ बिगो कायम गरी सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा १ को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तत्कालीन इन्जिनियर **राजेन्द्र सिंह धामी,** तत्कालीन सब-इन्जिनियर **मदन बिष्ट** र तत्कालीन ना.प्रा.स. **अम्बिका बिष्ट** | जनही रु.११,२७,९१५।४२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम रु. एघार लाख सत्ताइस हजार नौ सय पन्ध्र रुपैयाँ र पैसा बयालीस बिगो कायम गरी सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा १ को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वडा नं. ९ स्थित नागार्जुन दानेश्वर | जनही रु.२३,७५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरको सोही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम नगदी तथा अन्य सुबिधा लाभ उपलब्ध गराई दिने एबं आफूले लिने मतियारको कार्य कसूर गरेको पुष्टि भएको हुँदा रु. तेइस लाख पचहत्तर हजार रुपैयाँ |

| | | | |
|---|---|---|---|
| | आधुनिक बाख्रा पालन उपभोक्ता समितिका **अध्यक्ष रुपेश विष्ट,** सचिव **प्रकाश विष्ट** र कोषाध्यक्ष **पुजा बिष्ट** | | बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम मूख्य कसूरदारहरुलाई हुने कैद सजाय र सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम मुख्य कसूरदारलाई हुने जरिवाना सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारलाई हुने सजाय सरह सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने